# अध्याय दुई

# २. नेपाली र लेप्चा जातिको संक्षिप्त परिचय

## २.१. नेपाली जातिको संक्षिप्त परिचय

नेपाली जाति भनेर चिनिने खस र किरात, आर्य जातिको सम्मिश्रण रूप हो भन्न सकिन्छ। नृतत्त्ववेत्ता अनि इतिहासकारहरूले खोज-अनुसन्धान गरेअनुरूप दक्षिण एसियामा पर्ने वर्तमान भारत र नेपाललाई मात्र लिएर हेर्ने हो भने पनि ईसापूर्व पन्ध्रौँ शताब्दीतिरै आर्यहरू मध्य एसियाबाट भारतमा प्रवेश गरिसकेको तथ्य थाहा लाग्दछ।[१] त्यस समय आएका आर्यहरू दक्षिण भारतको हिन्दूकुश पर्वतमाला पार गर्दै आए भने सिन्धु उपत्यकादेखि यमुनाको पश्चिमी तटसम्म फैलिँदै भारतका उत्तरपूर्वी भाग अर्थात् पहाडी क्षेत्रमा प्रवेश गरी त्यहाँका मूल जाति किरातहरूलाई पराजित गरी आफ्नो वासभूमि बसाल्न सफल भएको कुरा थाहा पाइन्छ।[२] भारतमा आर्यहरूको आगमन हुनु अगावै द्रविड जातिका मानिसहरू बसोबास गर्ने गरेका थिए र द्रविडहरू भारतका मूल वासिन्दा थिए भन्ने तर्कलाई पनि वर्तमान नृतत्त्वेत्ता अनि इतिहासकारहरूले आफ्ना खोज-अनुसन्धानका आधारमा खण्डन गर्दै यो जातिको मूल थलो पनि मध्य एसियाको पर्वतशृङ्खलामा नै थियो भन्ने तथ्य प्रस्तुत गरेको पाइन्छ।[३] त्यस्तै प्रकारले नेपाली जातिको उद्‌भव र गठनका पृष्ठभूमिमा रहेको अर्को समुदाय हो मङ्गोल। यो जाति प्राचीन भारतका उत्तरपूर्वी भागमा बसोबास गर्ने जाति हो। यसरी प्रवेश गरेका विभिन्न जातिहरू र यहीँका मूल वासिन्दाहरू सबैका भाषिक, सामाजिक, सांस्कृतिक आदि कुराहरू एका-अर्कामा प्रभावरहित रहन सकेनन्। अन्तमा वैवाहिक सम्बन्ध, धार्मिक र सांस्कृतिक अन्तर्मिश्रण, भाषिक सम्पर्क आदि कारणहरूले कालान्तरमा जातिहरूको अन्तर्मिश्रण हुनु स्वाभाविक थियो। यसरी खस, मङ्गोल र किरातहरूकै मिश्रित रूप आजको नेपाली जाति र यसको संस्कृति हो भन्ने निष्कर्ष निस्कन्छ।

---

[१]. *जनकलाल शर्मा (२०५८) हाम्रो समाजः एक अध्ययन, साझा प्रकाशन, पुलचोक ललितपुर, पृ ४२*

[२] *नादिम हसैन (२००१) ट्राइबल इन्डिया, पलक प्रकाशन, कन्हैया नगर, त्रि नगर दिल्ली ११००३५ पृ २५*

[३] *जनकलाल शर्मा (२०५८) हाम्रो समाजः एक अध्ययन,पूर्ववत्, पृ ४२*

नेपाली जाति भन्नाले कुनै एउटा सग्लो जात नभएर विभिन्न जातिहरूको अन्तर्मिश्रणद्वारा निर्मित जाति हो भन्ने कुरामा सबैको मतैक्य पाइन्छ। यस जाति अन्तर्गत खस, किरात, मङ्गोल आदि जाति मूलका अर्थात् बाहुन, छेत्री, कामी, दमाई, सार्की, राई, लिम्बू, शेर्पा, तामाङ, मगर, गुरुङ, सुनुवार, नेवार आदि जातगोष्ठीहरू रहेका छन्। यहाँ उल्लिखित जातिहरूको पनि आ-आफ्नै, वेश-भूषा, भाषा, संस्कृति, परम्परागत मूल्य र मान्यता आदि रहेका पाइन्छन्। यद्यपि यी जातगोष्ठीहरूका आ-आफ्नै परम्परा, सांस्कृतिक एवम् भाषिक व्यवस्था आदि रहेको पाइए तापनि समग्रमा यिनीहरूले आफूलाई नेपाली जातिका रूपमा आफ्नो परिचय दिने गरेको पाइन्छ। यसो हुनाको मुख्य कारण यी जातिले साझा भाषाका रूपमा नेपाली भाषाकै व्यवहार गर्ने गर्दछन्। इतिहासविद् कुमार प्रधानको मतमा नेपाली शब्द भाषिक, राजनैतिक र सांस्कृतिक गरी तीन साङ्केतिक अर्थमा प्रयुक्त रहिआएको छ।[४] नेपाली भाषालाई मातृभाषाका रूपमा बोल्ने जाति वा समाज नेपाली हो भन्ने भाषिक अर्थमा यो शब्द प्रयुक्त हुँदछ भने राजनैतिक अर्थमा नेपाल राष्ट्रका नागरिकहरू भन्ने अर्थ बुझिन्छ अनि सांस्कृतिक अर्थमा चाहिँ विशेष गरी सिक्किम, पश्चिम बङ्गालको उत्तरीभाग र पूर्वाञ्चल राज्यहरूलगायत यसका विभिन्न स्थानहरूमा  छरिएर बसेका यद्यपि भाषा, वेश-भूषा, खानपिन, रीतिथिति, चाडपर्व आदिले परस्पर एउटै समुदायका रूपमा रही आफ्नो अस्तित्त्वका लागि भारत सरकार समक्ष विभिन्न माग लिएर राजनैतिक आन्दोलन गर्ने मानिसहरू हुन्। नेपाली जातिबारे यहाँ चर्चा-परिचर्चा गर्दा नेपालको सन्दर्भमा मात्र नभएर नेपाल बाहिरका नेपाली भाषी तथा नेपाली समाजलाई पनि समेट्ने प्रयास गरिएको छ। नेपाली जाति मूलतः विश्वका विभिन्न ठाउँहरूमा छरिएर बसेको पाइए तापनि मूल रूपमा नेपाली भाषालाई आफ्नो मातृभाषाका रूपमा ग्रहण गरी प्रयोग-प्रचलन गर्ने समाज वा स्थानहरू नेपालबाहेक भारतका सिक्किम, भुटान, दार्जिलिङ, डुवर्स, तराई, पूर्वाञ्चल भारत, देहरादुन आदि देखिन्छन्।

### २.२. नेपाली जातिको नामकरण

नेपाली जातिबारे खोज अनुसन्धान तथा अध्ययन गर्ने नृतत्त्ववेत्ता, समाजविज्ञानीहरू तथा इतिहासकारहरूका आ-आफ्नै अवधारणा र मतहरू पाइन्छन्। नेपाली जातिको नामकरणबारेमा

[४] *कुमार प्रधान (२०१०) पहिलो प्रहर, साझा प्रकाशन, पुलचोक ललितपुर, पृ १*

पनि विद्वान्हरू माझ मतैक्य देखिँदैन। कसैले यस जातिलाई खस जाति भने त कसैले गोर्खा, कसैले पर्वते जाति[५] र कसैले नेपाली जाति भनेको पाइन्छ। अतः जुनै नाम दिएको पाइए तापनि विश्वमा यो जाति नेपाली जातिकै नामले चिह्नित भइसकेको पाइन्छ।

नेपाल शब्दको उत्पत्तिबारे पनि विद्वान्हरूको आ-आफ्नै मत रहेको पाइन्छ। भोलानाथ तिवारीले नेपाल शब्दको उत्पत्तिबारे दुईवटा मत राखेका छन् – १) 'ने' ऋषि (मुनि)-को नामबाट नेपाल शब्दको उत्पत्ति भएको भन्ने मत अनि २) 'नेपार' शब्द जसले नेवार जातिलाई यस शब्दले पनि बुझाउँछ। पहिलो मतअनुसार 'ने'- को अर्थ स्वयम्भू र 'पाल'- को अर्थ पालन, ने+पाल दुई शब्दका मेलबाट बनेको नेपाल सिङ्गो शब्दको अर्थ जसको पालनकर्ता स्वयम्भू भनेका छन् भने दोस्रो मतानुसार नेपाल शब्दको सम्बन्ध 'नेपार' (नेवार जाति)- बाट नेपाल भएको मान्दै मागधी प्राकृतको सामान्य प्रवृतिका अनुरूप नेपार को 'र' ध्वनि नै 'ल' मा परिवर्तन भई नेपाल बन्नपुगेको तथ्यलाई उनी युक्तिसङ्गत मान्दछन्।[६] नेपाली शब्दको प्रयोग कौटिल्यको 'अर्थशास्त्र'-मा भएको उल्लेख गर्दै उनी नेपाली भाषाका सन्दर्भमा यो शब्द अत्याधुनिक मान्दछन्। एउटा मतअनुसार नेवारी भाषामा नेपाललाई 'नेपा'[७] भन्ने गर्दथे, पछि त्यसैबाट अपभ्रंश भई 'नेपाल' हुन पुगेको कुरा पाइन्छ भने अर्को प्रचलित मतअनुसार तिब्बती भाषामा 'ने' –को अर्थ घर र 'पाल' –को अर्थ ऊन हो। अतः नेपालमा प्रचुर मात्रामा ऊन उत्पादन हुने भएकाले ऊनको घर अर्थात् नेपाल भएको हो। अर्को एउटा किम्वदन्तीअनुसार नेपालका प्रथम शासक गोपाल वंशमा 'निप' वा 'नेप' नामक प्रतापी राजा थिए। उनीहरूको घरलाई पाल भनिन्थ्यो त्यसैले उनैको नामबाट नेपाल देशको नाम रहन पुगेको हो।[८] अन्तमा के भन्न सकिन्छ भने नेपाल देशको नामकरण जुनै प्रकारले रहन गएको भए तापनि नेपाल शब्दबाट नेपाली जातिको नामकरण भएको कुरामा विद्वान्हरू एक मत देखिन्छन्। कालान्तरमा यस जातिको भौगोलिक विस्तारसँगै यसको नामसूचक शब्दमा पनि अर्थविस्तार भएको देखिन्छन्। फलस्वरूप भारतमा नेपाली शब्दको साङ्केतिक अर्थ भाषा र सांस्कृतिकै सन्दर्भमा केन्द्रित रहेको पाइन्छ। अझ भनौ, भारतमा नेपाली जातिलाई चिनाउने बलियो आधार यसको भाषा र संस्कृति नै हुन्।

---

[५] *बालकृष्ण पोखरेल (२०५५) खस जातिको इतिहास, उदात्त अनुसन्धान अड्डी, विराटनगर, पृ १*

[६] *भोलानाथ तिवारी (२०१०) भाषा विज्ञान,किताब महल. २२ए सरोजनी नाइडू मार्ग, इलाहाबाद, पृ २०४*

[७] *रेशराज अधिकारी, हरिहर घिमिरे( २०६०) नेपाली समाज र संस्कृति, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौँ, पृ१३*

[८] *रेशराज अधिकारी, हरिहर घिमिरे (२०६०) नेपाली समाज र संस्कृति, पूर्ववत्, पृ १३*

## २.३. नेपाली समाज र संस्कृतिको संक्षिप्त जानकारी

युगौँ-युगदेखि नै विभिन्न जातिको सम्मिश्रणबाट नेपाली समाज निर्माण भएको पाइन्छ। यसर्थ नेपाली संस्कृतिमा भन्नु नै लोक जीवनसँग सम्बन्धित मिश्रित क्रियाकलाप तथा लोक व्यवहार आदि बुझिन्छ। नेपाली जातिको संस्कृतिमा आर्य संस्कृति, खस संस्कृति, किरात संस्कृति आदिको झलक पाइनु पनि स्वाभाविक देखिन्छ किनभने, नेपाली समाजमा वर्णाश्रम व्यवस्था मान्ने र नमान्ने दुवै समुदाय पाइन्छन्। खस मूलका नेपालीहरूले आज पनि वर्णाश्रम व्यवस्था पालन गरेको पाइन्छ भने यस व्यवस्थालाई पहिलेदेखि नै नमान्ने किरात जाति पनि यस समाजमा रहेको पाइन्छ।[९] यसरी नेपाली जातिको इतिहासलाई अवलोकन गर्दा के कुरा स्पष्ट हुन्छ भने परम्परागत रूपमा मान्दै आएका सामाजिक मूल्य-मान्यता नीति-नियम तथा धर्म संस्कारका कुराहरू समयको परिवर्तनसँगै बद्लिँदै जाने हुन्छन्। कुनै समयमा वर्णाश्रम व्यवस्थालाई अनिवार्य रूपमा पालन गर्ने खसहरू आज त्यस व्यवस्थाको विरोधीजस्ता देखिन्छन् र कतिपय ब्राह्मणहरूले बौद्ध धर्म ग्रहण गरेको पाइन्छ भने कतिपय किरातहरूले आफ्नो मुन्धुम धर्म त्यागी हिन्दू धर्म अवलम्बन गरेको पाइन्छ। नेपाली समाजमा आज धर्मान्तर गर्ने क्रममा इसाई धर्म ग्रहण गर्ने खस-किरातहरू पनि धेरै नै पाइन्छन्। यसरी धर्मान्तर प्रक्रियाले पनि कुनै जाति वा समाजको संस्कृतिमा अवश्य परिवर्तन ल्याउने हुँदा यहाँ यसको उल्लेख गरिएको हो। कुनै धर्म, संस्थाका आडमा जातपातको भेदभाव हुनु हुँदैन भनी त्यस्ता आदर्श कल्पनाले प्रेरित भई नामको पछाडि जातको वर्णन अर्थात् उल्लेख नगर्ने सम्प्रदाय पनि आजको नेपाली समाजमा पाइन्छ। यसको उदाहरण 'प्रेमवाद' अथवा 'हेवनली पाथ' नामक पन्थ ग्रहण गर्ने कुनै पनि जातिले नामको पछाडि 'एन्जल' शब्दको प्रयोग गरी आफूलाई चिनाउने गरेको नेपाली समाजमा देख्न पाइन्छन्। जस्तै- राजकुमार एन्जल, सबिता एन्जल आदि। त्यस्तै प्रकारले इसाई धर्म सम्प्रदायमा पनि नामलाई मात्र प्रमुखता दिइएका यस्ता उदाहरण देख्न पाइन्छन्। जस्तै- पिटर पास्कल, एब्रोना ली पन्दी आदि। यसरी नामलाई मात्र प्रमुखता दिएइको हुँदा उल्लिखित व्यक्तिहरू धार्मिक आधारबाट चिनिए तापनि यी व्यक्तिहरूको कुन जातगोष्ठीका हुन्? तथा यिनीहरूका सामाजिक, सांस्कृतिक पृष्ठभूमि के-के हुन्? अनि कुन भाषिक समुदाका हुन्? जस्ता प्रश्नहरूको उत्तर सहजै प्राप्त गर्न सकिँदैन। यसमा उच्च तथा आदर्श विचार र भावना रहेको पाइए तापनि जातिको सामाजिक वा सांस्कृतिक प्रसङ्गमा साथै लोकतात्त्विक दृष्टिले उचित छ भन्न

[९]. *जनकलाल शर्मा, हाम्रो समाजः एक अध्ययन पूर्ववत्, पृ ४२*

नसकिने स्थिति रहेको पाइन्छ। कुनै पनि जातिका सांस्कृतिक चाड पर्व एवम् नीति-नियमहरू संस्कारगत क्रियाकलापहरू धर्मकै आधारमा निर्माण भएको पाइन्छ।

वस्तुतः यहाँ नेपाली जाति, समाज र संस्कृतिका सन्दर्भमा भन्नुपर्दा नेपाली भाषाकै आधारमा अर्थात् भाषिक व्यवहारकै आधारमा सार्वभौमिक नेपाली समाजको कल्पना गर्नुपर्ने स्थिति रहेको पाइन्छ किनभने नेपाली जाति भन्नाले नेपाल राष्ट्रका नागरिक हुन् वा त विश्वभरि छरिएर बसेका नेपाली हुन् भन्ने भ्रममा पर्ने स्थिति देखिएको छ। विश्वभरि छरिएर बसेका नेपालीका एउटा साझा संस्कृतिभित्रै ससाना गोष्ठीगत सांस्कृतिक तथा परम्परागत चाड-पर्वहरू पनि रहेका छन् जसलाई निम्न प्रकारले देखाउन सकिन्छ-

- आर्य तथा खस मूलका नेपालीहरूसँगै खसेतर मूलकाले मान्ने रीतिथिति एवम् चाडपर्वहरू- दसैँ, तिहार, तिज, माघे सङ्क्रान्ति, चैते दसैँ, असार पन्ध्र, साउने सङ्क्रान्ति, रक्षा बन्धन आदि।
- किरातमूलकाले मात्र मान्ने चाडपर्वहरू- साकेवा पुजा, उँधौली, उँभौली पुजा, मुन्धुम, माङ पुजा आदि।
- मङ्गोल मूलकाहरूले मान्ने चाडपर्वहरू- लोछार, गोठ पूजा, संसारी पूजा, विभिन्न प्रकारका वनस्पतिहरूको पूजा आदि।
- धार्मिक मान्यताका आधारमा- बडादिन, बुद्ध जयन्ती, कृष्ण अष्टमी, रामनवमी, शिवरात्री, होली पर्व आदि।

उल्लिखित चाड पर्वहरू नेपाली जातिले आ-आफ्ना धर्म सम्प्रदायमा रहेर मनाउँदै आइरहेको पाइन्छ। यस अतिरिक्त जन्म-मृत्यु, विवाह, पूजा, व्रतबन्ध आदि संस्कारगत क्रियाकलापहरूलाई पनि आत्मसात गरेको पाइन्छ। यसरी आर्य तथा खस मूलका नेपाली र खसेतर मूलकाले पनि मान्ने रीतिथिति एवम् चाड पर्वहरूद्वारा नै नेपाली जातिको परम्परा, संस्कृति आदिको निर्माण भएको पाइन्छ।

वर्तमान समयमा कुनै पनि जातिको संस्कृतिबारे चर्चा-परिचर्चाको प्रसङ्गमा देखा परेका टड्कारा विषय हुन् उपभोक्तावाद, भूमण्डलीकरण, इन्टरनेट तथा साइबर संस्कृति। विश्व बजारमा देखा परेको उपभोक्तावादसँग सम्बन्धित विज्ञापनहरूले कुनै पनि जातिका जातीय वेश-भूषा, खान-

पान आदि कुरामा प्रभाव पारेको देखिन्छ भने भूमण्डलीकरण प्रक्रियाले देश-विदेशका जातिहरूमा अन्तर्मिश्रणपूर्ण जीवन पद्धतिको विकास भएको देखिन्छ। आजको बढ्दो विज्ञान र तकनिकी साधन आदिलले वर्तमान मान्छेको सोच विचारमा गहिरो प्रभाव पारेको देखिन्छ जसलाई परित्याग गर्न नमिल्ने तर युगको माग सम्झेर स्वीकार्नुपर्ने स्थिति रहेको छ। यिनै कारणहरूले गर्दा परम्परागत तथा सांस्कृतिक मूल्य-मान्यता, संस्कारगत नीति-नियमहरू, धार्मिक आस्था, विश्वास आदिमा गहिरो प्रभाव पारेको देखिन्छ। सामजशास्त्रीहरूको भनाइअनुरूप एउटा समाज बन्नका निम्ति मान्छेको समूह मात्र पर्याप्त होइन। त्यस्तै प्रकारले नेपाली समाजको निर्माण हुनका लागि पनि प्राचीनदेखि वर्तमानकालसम्म देखा परेका विभिन्न घटना, वस्तु, साधन-उपकरण, देशकाल, वातावरण तथा विभिन्न प्रकारका परिवेशको परस्पर संलयन भएको पाइन्छ।

## २.४. नेपाली भाषाको संक्षिप्त परिचय

कुनै पनि जातिको निर्माण हुना वा बन्नाका पछाडि विविध कारण रहेका देखिन्छन्। यसै सन्दर्भमा धर्म र देशको नामको आधारमा जाति निर्माण हुन सक्छ[१०] भन्ने विद्वान्हरूको मतलाई अझ थप बल मिल्ने कुरा यहाँ भाषाको आडमा पनि जातिको निर्माण हुनसक्ने कुरा अध्ययन अवलोकन गर्दा थाहा लाग्दछ। नेपाली जातिको निर्माण भाषाको आधारमा भएको पाइन्छ। भारतमा संवैधानिक रूपमा नेपाली भाषाले मान्यता प्राप्त गर्नुले भारतभरि छरिएर बसेका नेपालीहरू आफूलाई नेपाली जातिको सदस्य बोध सगर्व गर्दछन्। यसर्थ कुनै पनि समाज वा जातिको अस्तित्वलाई जीवित राख्ने तत्त्व नै त्यस जातिको भाषा हो भन्ने भनाइ यहाँ सार्थक देखिन्छ।

नेपाली भाषा नेपालको राष्ट्रभाषा र भारतका बाइसवटा प्रमुख भाषाहरूमध्ये एउटा हो। यो भाषा विश्वका विभिन्न ठाउँहरूमा बोलिने गरेको पाइन्छ। भारतका विभिन्न ठाउँहरूमा यस भाषामा बोल्ने, लेख्ने, पढ्ने, पत्र-पत्रिकाहरू प्रकाशन गर्ने काम भइरहेको पाइन्छ। यसरी भारतमा नेपाली भाषा बोल्नेहरू बसेका ठाउँहरू पश्चिम बङ्गालको दार्जिलिङ, डुवर्स-तराई, सिक्किम राज्य, बनारस, भाग्सु, देहरादुन, पूर्वाञ्चल भारतका सातवटा राज्यहरू आदि पर्दछन्।[११] भाषाविद्हरूले नेपाली भाषाको पारिवारिक वर्गीकरण गर्ने क्रममा यस भाषालाई भारोपेली परिवारअन्तर्गत सतम्

---

*[१०] जनकलाल शर्मा, पूर्ववत्, पृ ४२*

*[११] घनश्याम नेपाल, कविता लामा (२००६), उच्चमाध्यमिक नेपाली व्याकरण र रचना, एकता बुक्स हाउस, सिलगढी, पश्चिम बङ्गाल, पृ १३*

वर्गको आधुनिक भारतीय आर्यभाषाको एउटा शाखा अर्थात् आर्यभाषाअन्तर्गत खस पहाडी भाषावर्गको विकसित भाषा हो भनेको पाइन्छ।[१२] नेपाली भाषा आधुनिक भारतीय आर्यभाषाको खस अपभ्रंशबाट विकसित भएको भन्ने सुनीतिकुमार च्याटर्जीको मतलाई अस्विकार गर्दै भोलानाथ तिवारी स्वयंले चाहिँ शौरसेनी अपभ्रंशसित यस भाषाको सम्बन्ध रहेको मत राखेका छन्।[१३] यस भाषाभित्र विभिन्न भाषिका तथा बोलीहरू सम्मिलित रहेका पनि पाइन्छन्।

नेपाली भाषाका वर्णहरू स्वर र व्यञ्जनमा विभाजित छन्। यो भाषा देवनागरी लिपिमा लेखिन्छ। यस भाषाको शब्द भण्डार तत्सम, तद्‌भव र देशज शब्दहरूद्‌वारा निर्माण भएका पाइन्छन्। नेपाली भाषाका शब्दहरू विशेष तरिकाहरूद्‌वारा शब्द निर्माण गरिन्छ जसअन्तर्गत सर्ग प्रक्रियाद्‌वारा, समासद्‌वारा, सन्धिद्‌वारा र द्‌वित्वद्‌वारा शब्दहरूको निर्माण गरिन्छ। लिङ्ग, वचन, काल, पुरुष, करण-अकरण, आदरार्थी आदि, व्याकरणिक कोटिका आधारमा नेपाली भाषाका शब्दहरूको रूपायान हुँदछ। यस भाषामा कर्ता, कर्म र क्रियाको वाक्यात्मक पदक्रम रहन्छ। नेपाली भाषामा नामपदको रूपायन लिङ्ग, वचन, कारक र आदर जस्ता व्याकरणिक कोटिहरूद्वारा हुन्छ भने सर्वनामको रूपायन वचन, कारक, पुरुष, आदरका आधारमा हुँदछ। त्यस्तै प्रकारले क्रियापदको रूपायन लिङ्ग, वचन, कारक, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य, करणका आधारमा हुन्छ।

यस भाषामा विभिन्न किसिमका पत्र-पत्रिका, साहित्यिक, सांस्कृतिक, सामाजिक, राजनैतिक, धार्मिक ग्रन्थहरू पनि प्रकाशित भएका पाइन्छन्। यसरी नेपाली भाषाको समुन्नयनका क्षेत्रमा भएका पत्र-पत्रिका तथा पुस्तक प्रकाशन कार्यहरू, शिक्षाको विस्तार, सङ्घ-संस्थाको स्थापना, व्याकरण तथा कोशको निर्माण, भाषिक आन्दोलन आदिका कार्यहरू भएका पाइन्छन्। भारतमा यस भाषा विभिन्न संचार प्रविधिका क्षेत्रमा पनि प्रयोग गरिन्छ भने विभिन्न शैक्षणिक संस्थानहरूबाट प्राज्ञिक स्तरमा अध्ययन अनुसन्धान कार्य तथा विद्यावारिधि उपाधिहेतु पनि अध्ययन गरिन्छ।

---

[१२] *मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुइँटेल (२०६०) आधुनिक भाषाविज्ञान, विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ, पृ २९६*

[१३] *भोलानाथ तिवारी (२०१०) भाषा विज्ञान, पूर्ववत्, पृ २०५*

## २.५. लेप्चा जातिको संक्षिप्त परिचय

लेप्चा जाति पश्चिम बङ्गालको दार्जिलिङ जिल्लाको पहाडी क्षेत्र, सिक्किम राज्य, भुटान अनि नेपालको इलाम भेकमा बसोबासो गर्ने एउटा जनजाति हो। प्रकृतिलाई नै सृष्टिको मूल आधार मान्ने यस जातिको उत्पत्ति तथा इतिहास सम्बन्धी कसैले ठोस लिखित प्रमाण प्राप्त गर्न नसकेको पाइन्छ।[१४] कुनै पनि जाति वा समुदायको उत्पत्ति तथा विकासको इतिहास सम्बन्धी मिथकीय अभिप्रायलाई आधार बनाइएको पाइन्छ। मिथकीय अभिप्रायका आधारमा हिन्दु धर्मावलम्बीहरू मनु र शतरूपा, ईसाईका आदम र इवको चर्चा रहेको पाइन्छ। प्रकृतिलाई नै सृष्टिको मूल मान्ने यस जातिले आफूलाई 'मुतन्ची रोङकुप' (mutʌnci roŋkup) अर्थात् प्रकृति-आमाको प्यारो सन्तान तथा 'रमकुप' (rʌmkup) अर्थात् ईश्वरको सन्तान मान्दछन् ।[१५] स्वच्छ हिम पर्वत कञ्चनजङ्घालाई लेप्चाहरू आफ्नो उत्पत्तिको आधार मान्दछन्। त्यहीँ पर्वतको हिउँको डल्लाद्वारा सृष्टिकर्ताले लेप्चा जातिका आदि नारी-पुरुषको सृष्टि गरे भन्ने मिथक वा जनविश्वास यस जातिका मानिसहरूमा रहेको छ। यसर्थ आज पनि 'च्यू रम फात' अर्थात् पवित्र हिमालयको पूजा एउटा महत्त्वपूर्ण परम्परागत पर्वका रूपमा लेप्चा जातिले मान्दै आएको देखिन्छ।

पश्चिम बङ्गाल राज्यको ३८औँ अनुसूचीअन्तर्गत विभिन्न जनजातिहरू मध्ये लेप्चा जातिलाई पनि दार्जिलिङ जिल्लामा बसोबास गर्ने एक जनजाति मनिएको छ। सिक्किम राज्यमा पनि लेप्चालाई जनजातिकै दर्जा दिइएको पाइन्छ भने यिनीहरू आफूलाई 'मुतञ्ची रूमकुप'-को सन्तान तथा 'मायेल ल्याङ'-मा बसोबास गर्ने जाति भनेर विभिन्न अध्येताहरूले पनि उल्लेख गरेका पाइन्छन्।[१६] यिनीहरूको उत्पत्ति तथा पौराणिक इतिहाससम्बन्धी कुनै ठोस लिखित प्रमाण नरहेकाले विद्वान्हरूमा पनि विभिन्न मत-मतान्तर रहेको पाइन्छ। ईमानसिंह चेमजोङले 'लापचा-नेपाली-अङ्ग्रेजी शब्दकोश'- को भूमिकामा लेप्चा जातिको उत्पत्तिबारे तीन थरीका मत राखेका छन्। प्रथम मत लेप्चा जति नेपालको इलाम जिल्लाबाट सिक्किम, भुटान र दार्जिलिङतिर फैलिँदै गएको

---

[१४] *आर एन ठाकुर (१९८८) हिमालयन लेप्चास्,आर्काइभ्स पब्लिशर्स,डिस्ट्रिब्युटर्स, न्यु दिल्ली ११००५५, पृ २१*

[१५]. *निमा तकनिलमू (१९६८) लेप्चा जातिको उत्पत्ति औ सृष्टिको एक झल्को, दार्जिलिङ, श्याम ब्रदर्स, पृ १*

[१६] *आर एन ठाकुर (१९८८) हिमालयन लेप्चास्,पूर्ववत्, पृ २१*

आदिवासी हो भनेका छन् भने दोस्रो मतमा दक्षिण चिनको सुचुवाङ प्रान्तबाट उत्तर बर्मा, आसाम हुँदै उत्तर बङ्गालमा प्रवेश गरी बसोबास गर्ने जाति पछिबाट लेप्चा जाति भनेर चिनिए जसको राजा मवारोंग हुन् जसले लेप्चा भाषाको लिपि पनि तयार गरेको उल्लेख पनि उनले गरेका छन्, अनि उनको तेस्रो मतअनुसार तिब्बतबाट आएका अर्कै एक दल आई सिक्किमतिर पसे र लेप्चाहरूसँग बसोबास गर्न थाले पछिबाट तिनीहरू आफूलाई खाम्बा लेप्चा भन्ने गरेको  तथ्य राखेका छन्।[१७] यद्यपि लेप्चा जातिको उत्पत्ति र विकाससम्बन्धी यहाँ प्रमुख रूपमा दुई थरीका मतहरू उल्लेख्य छन्। प्रथम थरीका जी बी मेनवाइरिङ, निमा तकनिलमू लेप्चा, जी छिरिङ, कुमार प्रधान, आर एन ठाकुर, तपन चट्टोपाध्याय, के पी तामसाङ, सतरूपा दत्तमजुमदार आदि अध्येतावर्गले लेप्चाहरू हिमालका फेदीमा बसोबास गर्ने तथा सिक्किम, दार्जिलिङ नै लेप्चाहरूको प्रमुख स्थान हो जहाँबाट यी जाति अन्य क्षेत्रहरूमा फैलिँदै गए भन्ने मतलाई स्विकारेका पाइन्छन्। यस्तै प्रकारले दोस्रो वर्गका विद्वान्हरू ईमानसिंह चेमजोङ, पारसमणि प्रधान आदिको मतमा यो जाति मध्य एसिया तथा चीन देशबाट बर्मा हुँदै भारतका उत्तर-पूर्वाञ्चल क्षेत्रबाट प्रवेश गरी पश्चिम बङ्गाल, सिक्किम, भुटान र नेपालतिर फैलिएर गएको भन्ने कुरालाई स्विकारेका पाइन्छन्। लेप्चा जातिको उत्पत्ति वा बासभूमिको सन्दर्भमा  उपर्युक्त प्रथम थरीका मतलाई लेप्चा जाति तथा समाजले नै पनि स्विकारेको पाइन्छ। उनीहरूले सिक्कम, दार्जिलिङ आदि सम्पूर्ण लेप्चा जाति बसोबास गर्ने ठाउँलाई लेप्चा भाषामा 'मायेल ल्याङ' अर्थात् लुकिएको आनन्दमय स्थान भनिएको पाइन्छ।[१८] के पी तामसाङको मतमा लेप्चाहरू एसियाली देशबाट भारतको उत्तर पूर्वी राज्यहरू हुँदै सिक्किममा आएका होइनन् तर सिक्किमबाट भारतका उत्तर पूर्वी हुँदै अन्य देशमा प्रवेश गरेका हुन् भन्ने तथ्यको पुष्टि गर्दै लेप्चा किम्वदन्तीअनुसार लेप्चाहरू बसोबास गर्ने ठाउँ (मायेल ल्याङ) मा राक्षसको राजा 'लासोमुङ पनु' र तिनका सेनाले अशान्ति र अत्याचार गरेपछि लेप्चाहरू ज्यान जोगाउन त्यहाँबाट भागेर अन्य देशहरूमा शरण लिन पुगे भनेका छन्।[१९] त्यस्तै प्रकारले सिक्किम, दार्जिलिङ क्षेत्रका विभिन्न

---

[१७] *आर एन ठाकुर (१९८८) हिमालयन लेप्चास्,पूर्ववत्, पृ २१*

[१८] *के पी तामसाङ (दो सं १९९८) द अन्नोन् एन्ड अन्टोल्ड रियालिटी एबाउट दि लेप्चास्, पूर्ववत् पृ १*

[१९] *के पी तामसाङ (दो सं १९९८) द अन्नोन् एन्ड अन्टोल्ड रियालिटी एबाउट दि लेप्चास्, पूर्ववत् पृ ५*

पहाड-पर्वत, खोला-नाला, कञ्चन्जङ्घा हिमाल आदिको पूजा लेप्चा समाजमा पितृ पूजाकै रूपमा गरिने परम्पराले पनि यिनीहरूको उत्पत्ति स्थान वा यहींका मूल बासिन्दा हुन् भन्ने सङ्केत पाइन्छ।

लेप्चा जाति बसोबास गर्ने भौगोलिक र राजनैतिक सीमाका आधारमा यिनीहरू निम्नलिखित चार वर्गमा विभाजित रहेका पाइन्छन्-

१) रेन्ज्योङमू
२) इलाममू
३) दामसाङमू
४) प्रोमू।

मूलवासी लेप्चा ट्राइबल संस्थाद्वारा प्रकाशित हिन्दी पत्रिकाअनुसार सन् १८३५ भन्दा अगि सिक्किम, दार्जिलिङ, खरसाङ र सिलिगुढी क्षेत्रमा बसोबास गर्ने लेप्चाहरूलाई 'रेन्ज्योङमू' भनिएको छ। पूर्वी नेपालको इलाममा बसोबास गर्ने लेप्चालाई 'इलाममू' र कालेबुङ क्षेत्रमा बसोबास गर्ने लेप्चालाई 'दामसाङमू' अनि भुटान देशका लेप्चाहरूलाई 'प्रोमू' भनिएको पाइन्छ। लेप्चा भाषामा 'प्रो' भन्नाले भुटान बुझिन्छ। यसरी लेप्चाहरू रेन्ज्योङबासी, इलामबासी, दामसाङबासी अनि भुटानबासी चार वर्गमा विभाजित रहेका पाइन्छन्। यस बाहेक लेप्चा जातिका विभिन्न थर र गोत्रहरूमा विभाजित रहेका पाइन्छन्।

## २.६. लेप्चा जातिको नामकरण

कुनै पनि जातिको नामाकरण कुनै घटना वा किंवदन्ती तथा जातिको पेशाका आधारमा पनि जातिको नामकरण भएको पाइन्छ। लेप्चा जातिको पनि 'लेप्चा' शब्दबारे किंवदन्ती रहेको थाह लाग्दछ। 'लेप्चा' शब्द लेप्चा भाषाको 'लप्चो' (lʌpco) शब्दबाट अपभ्रंश भई 'लाप्चे' अनि त्यसपछि लेप्चा बन्न पुगेको हो।[२०] 'लप्चो' शब्दको अर्थ दुई वा दुईभन्दा अधिक बाटाहरूको सङ्गम स्थल जहाँ मानिसहरू एकत्र हुन्छन्। प्राचीन कालमा लेप्चाहरू अनि छिमेकी देशहरूका मानिसहरू भोटमा नुन लिन जानुपर्दा सबै सिक्किम देशको 'मा-थो-ल्हो' अर्थात् 'अग्लो घाटीको बाटो' भएर

[२०] *निमा तकनिलमू (१९६८) लेप्चा जातिको उत्पत्ति औ सृष्टिको एक झल्को, पूर्ववत्, पृ १*

जानुपर्थ्यो। त्यस ठाउँलाई आज नथुला नामले चिनिन्छ। उसबेला त्यो ठाउँ घनघोर वनजङ्गलले ढाकिएको थियो र बाघ, भालु पनि लाग्ने साथै हिउँले ढाकिएको डरलाग्दो बाटो पार गरेर जानुपर्थ्यो। यसर्थ एक-दुईजनाको आँटले नभ्याउने हुँदा सबै ठाउँका मानिसहरू सिक्किम देशमा भेला भई जाने गर्थे। सबैजना भेला हुने त्यस ठाउँलाई लेप्चा भाषामा 'लप्चो' भनिन्थ्यो। कुनै दिन अर्का देशको मान्छेले लेप्चालाई तिम्रो जातिको नाउँ के हो? वा तिमी को हौ? भनी सोध्दा लेप्चाहरूले यो ठाउँको नाम के हो भनी सोध्दैछन् भन्ठानेर 'लप्चो' भनिदिए। त्यहीँदेखि लप्चोबाट लप्चे, लाप्चे भनेर यो जाति चिनिन थालेको हो भन्ने किंवदन्ती पनि लेप्चा समाजमा चलेको पाइन्छ। त्यति बेलासम्म लेप्चाहरूले आफूलाई 'मुतन्ची रोङ कप' भनेर चिनाउँथे। 'मुतन्ची रोङ कप'–को अर्थ हो भगवान्को प्यारो सन्तान तथा प्रकृति आमाको प्यारो सन्तान। उनै 'मुतन्ची रोङ कप'–हरू 'लाप्चो' कहलाए। पछिबाट नेपालीहरूले त्यही 'लाप्चो' शब्दको उच्चारणलाई 'लाप्चे' बनाए। जी छिरिङको मतमा 'लप्चो', 'लाप्चे' रोङ भाषाको मूल  शब्दको शुद्ध रूप 'लाप्चो' हो भन्दै किरातीहरूको बाहिङ बोलीमा 'लाप्चा' शब्दको अर्थ ढोका भएकोले आफ्नो देश सिक्किमलाई शत्रुको आक्रमणबाट रक्षा गर्न देशको पूर्व ढोकामा बसेका रोङ जातिलाई तिनीहरू लाप्चा भन्ने गरेका हुन् भन्ने तथ्य प्रकाश पारेका छन्।[२१] त्यही 'लाप्चे' शब्द पछि अङ्ग्रेजहरूको जिब्राले 'लेप्चा' भनी उच्चारण गरेदेखि रोङ कपहरूको जातीय नाम लेप्चा भएको मानिन्छ।[२२] लेप्चा जातिको नामकरण यसरी 'लप्चो', 'लाप्चो', 'लाप्चे' हुँदै 'लेप्चा' बन्नपुगेको देखिन्छ, जो आज आधिकारिक रूपमा 'लेप्चा' जातीय नाम भई देश विदेशमा चिनिन्छ।

## २.७. लेप्चा समाज र संस्कृतिको सङ्क्षिप्त परिचय

लेप्चाहरू सोझा हुन्छन् भन्ने कुरा यो जातिबारे अध्ययन गर्ने  प्रायः सबै विद्वान्हरूको मत रहेको पाइन्छ। तपन चट्टोपाध्यायको मतमा यिनीहरू घुमन्ते प्रवृत्तिका थिए। वन जङ्गल फाँडेर ढडेलो लगाई खेती-पाती लगाउनु प्रमुख पेसा रहेको मानिन्छ। यस किसिमको जीवन शैली भारतका उत्तर-

[२१] *जी छिरिङ्ग (१९७१) लेप्चा जातिको सङ्क्षिप्त परिचय, श्याम ब्रदर्स, दार्जिलिङ, पृ २*

[२२] *निमा तकनिलमू (१९६८) लेप्चा जातिको उत्पत्ति औ सृष्टिको एक झल्को, पूर्ववत्, पृ २*

पूर्वाञ्चल क्षेत्रका जन-जातिहरूमा पनि रहेको उल्लेख पाइन्छ।[२३] खेती-पाती, पशु-पालन, सिकार गर्नु, जङ्गली फल-कन्दमूल सङ्ग्रह गर्नु लेप्चाहरूको प्रमुख पेसा रहेको उल्लेख पाइन्छ। लेप्चाहरू जङ्गली फल-कन्दमू, साग-सब्जी, जडी-बुटीसँग राम्ररी परिचित छन्। यसर्थ 'अनिकाल परे बाँदर मर्छ तर लेप्चा मर्दैन' भन्ने उक्ति रहेको पाइन्छ।[२४] प्रत्येक जातिका आ-आफ्नै जातीयता दर्शाउने विभिन्न कुराहरू- कला-कौशल, भाषा, संस्कृति, भेष-भूषा, खान-पान, रहन-सहन आदि रहेका हुन्छन्। लेप्चा जाति पनि ती कुराहरू पाइन्छन् जस्तै- लेप्चा घरलाई यिनीहरूको भाषामा 'दुकेमू ली' तथा 'रोङ ली' अर्थात् लेप्चा घर भनिन्छ जो काठ, बाँस र खरद्वारा निर्मित हुँदछ। यिनीहरूको समाजमा पुरूषले लगाउने भेष-भूषालाई 'दम्प्रा' अनि नारीले लाउनेलाई 'दम देम' भनिन्छ। यिनीहरूको समाजमा विवाह भइसकेपछि पनि बाबुको थर र गोत्र छोराहरूसँग रहने र आमाको छोरीहरूसँग रहने परम्परा रहेको पाइन्छ। यस किसिमको प्रथाले लेप्चा समाज मातृसत्तात्मक समाज रहेको सङ्केत पाइन्छ।

लेप्चा समाजमा विभिन्न रीति-रिवाज, सांस्कृतिक मूल्य-मान्यता, धर्म-संस्कार, आस्था-विश्वास, कला-कौशल आदि रहेका पाइन्छन्। पारिवारिक अनि सामाजिक स्तरमा रहेका उपर्युक्त जम्मै क्रियाकलाप सम्पन्न गराउन लेप्चा समाजमा 'बुङथिङ' अर्थात् पुरुष पुरोहित अथवा 'मन' अर्थात् नारी पुरोहितको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ। लेप्चा जातिको धर्मको सम्बन्धमा विभिन्न विद्वान्हरूले यिनीहरूको पारम्परिक धर्म प्रकृति पूजा हो भन्ने मत प्रकट गरेको पाइन्छ। यसर्थ यिनीहरूले हिमाल, पहाड-पर्वत, वन-जङ्गल, खोला-नाला आदिमा आत्माको आरोप गरी पूजा आराधना गर्ने परम्परा रहेको उल्लेख पाइन्छ जसलाई अङ्ग्रेजीमा 'एनिमिज्म' भनिएको पाइन्छ।[२५] मूलतः लेप्चाहरू तिब्बती शासकको अधिनमा आएपछि (सन् १६४१-६२) बुद्धिष्ट धर्म (विशेष गरी लामावाद) अप्नाउन वाध्य भए भने दार्जिलिङ र कालेबुङमा मिशनरीको प्रभावले कतिपय लेप्चाहरू इसाई धर्मावलम्बी बनेको तथ्य पाइन्छ।[२६] यसकारण लेप्चा समाजमा परम्परागत रूपमा रहेको

---

[२३] *तपन चट्टोपाध्याय (१९९०) लेप्चास् एन्ड दियर कल्चरल हेरिटेज, डि के पब्लिसर्स डिस्ट्रिब्युटर्स (पी) एल टी डी, १ अन्सारी रोड न्यु दिल्ली, पृ ४३*

[२४] *निर्वाण आमोस सुब्बा,(२००९) लेप्चा जातिको परिचयात्मक इतिहास, भेटघाट प्रकाशन,कालेबुङ, पृ २०*

[२५] *आर एन ठाकुर (१९८८) हिमालयन लेप्चास्,पूर्ववत्, पृ ९०*

[२६] *के पी तामसाङ (दो सं १९९८) द अन्नोन् एन्ड अन्टोल्ड रियालिटी एबाउट दि लेप्चास्, पूर्ववत् पृ ५३*

प्रकृति पूजा विधिहरू लुप्त हुने स्थिति रहेको देखिन्छ। तथापि बुद्धिष्ट लेप्चाहरूमा आज पनि यस किसिमका पूजाविधिहरूको अवशेष रूप पाइन्छन्।

प्रकृतिप्रेमी लेप्चा जातिका परम्परागत पर्वहरू अनि पूजाविधिहरू सबै नै प्रकृतिसँग सम्बद्ध छन्। प्रकृतिका प्रत्येक तत्त्वलाई पूज्य र आराध्यका रूपमा हेर्ने लेप्चा जाति एक प्रकारले हेर्दा वन-जङ्गल, खोलानाला, पहाड-पर्वत, हावा-पानी, ढुङ्गा माटो आदि प्रकृतिका यावत् कुराहरूको रक्षकझैँ देखिन्छ। यस जातिका मुख्य केही यस्ता चाड-पर्व, संस्कार र पूजाविधिहरू विभिन्न समय तथा अवसरमा मनाउने गरेको पाइन्छ। ती हुन्-

- **च्यू रम फात** अर्थात् पवित्र हिमालयको पूजा- यो पर्व कातिक र मङ्गसिर महिनामा खरसाङमहकुमाअनतर्गत सिटोङ गाउँमा लेप्चाहरू एकत्रित भई मनाइन्ने गरेको देखिन्छ।
- **मुक जिक दिङ रम फात** अर्थात् हरियालीपूर्ण झार-जङ्गलको पूजा वा पर्यावरण पूजा- यो पर्व प्रत्येक वर्ष २० फरवरीको दिन कालेबुङको डाब्लिङ र रियोन बस्तीको सिमानामा पर्ने स्थानमा मनाउने गरिन्छ। यसरी झार-जङ्गल रूख-पात आदि उम्रने वा पलाउनका निम्ति गरिने पूजा लेप्चा जातिमा खुबै प्रचलित रहेको देखिन्छ। यसले लेप्चाहरू पर्यावरणबारे सचेत रहने जातिको रूपमा पनि सङ्केत गरेको पाइन्छ।
- **ल्याङ रम फात** अर्थात् भूमि पूजा वा संसारी पूजा- यो पूजा पनि लेप्चाहरूले डाब्लिङमा पन्ध्र मईको दिन मनाउने गरेको पाइन्छ।
- **तङ्ग्रोङ ल्हो रम फात** अर्थात् तङ्ग्रोङ पर्वतको उपासना- प्रत्येक वर्ष असोज महिनामा यो पर्व मनाइन्छ।
- **सक्यू रम फात** अर्थात् फसलको पूजा- कातिक महिनामा फसल अन्न-बालीको रक्षार्थ यो पूजा गरिइएको मानिन्छ। यो पूजा सर्वजनिक नभएर पारिवारिक रूपमा पालन गरेको देखिन्छ।
- **ली रम फात** अर्थात् घरको पूजा वा कुल पूजा- यो पूजा पनि परिवारका सदश्यवर्गको सुराक्षार्थहेतु गर्ने गर्दछ। यसका अतिरिक्त परिवारका साखा-सन्तानहरू मिलेर गरिने ‘रम ची लोक‘ अर्थात् जाँड चढाउने पूजा, ‘पलिक रम फात‘ अर्थात् जङ्गलको पूजा आदि।[२७]

---

[२७] *लेप्चा आदिवासी-एक परिचय (२००५) कालेबुङ; मूलवासी लेप्चा ट्राइबल संस्था, पृ ३५*

यी प्रत्येक पूजामा 'बुङथिङ' अर्थात् लेप्चा पुरोहितले प्रकृतिको विविध रूपलाई पुकारी पूजा अनि लेप्चाका संस्कारमूलक क्रियाकलाप आदि सम्पन्न गर्दछन्।

**लेप्चा भाषाको संक्षिप्त परिचय**

लेप्चा भाषा भोट-बर्मेली परिवारअन्तर्गत भोट हिमाली समूहमा पर्ने एउटा भाषा हो। कतिपय विद्वान्हरूले भोट हिमाली वा भोट-बर्मेली समूहअन्तर्गत पर्ने यो भाषा मङ्गोलियन समूहको भनेको पनि पाइन्छ।[२८] भोलानाथ तिवारीको मतमा लेप्चा भाषा चिनियाँ परिवारको भोट-बर्मेली शाखासँग सम्बद्ध भाषा मान्दछन्।[२९] जे भए तापनि लेप्चा भाषा भोट-चिनियाँ परिवार भाषा हो भन्ने मतलाई सबैले स्वीकारेका छन्। लेप्चा भाषालाई लेप्चा जातिले (roŋ-riŋ) 'रोङ-रिङ' भन्दछन्। यस भाषामा साहित्यिक रचना, कृतिहरूको सङ्कलन र प्रकाशन अन्य भाषाहरूको तुलनामा धेरै कान्छो देखिन्छ। जसरी हिन्दी, नेपाली, बङ्गला भाषाहरूमा साहित्यको विकास हुन सकेको छ, त्यसरी लेप्चा साहित्यको विकास हुन सकेको पाइँदैन।

यद्यपि अठारौँ शताब्दीको पूर्वार्धतिर तिब्बती भाषाबाट लेप्चामा अनुवाद गरिएको 'नामथो नामथार' लेप्चाहरूको धर्मग्रन्थ मानिन्छ अनि यही नै लेप्चामा लेखिएको यथाप्राप्त पुरानो ग्रन्थ मानिन्छ।[३०] लेप्चा भाषा सन् १८२६ देखि भारत स्वतन्त्रता पछिसम्म दार्जिलिङ जिल्लाको औपचारिक तथा सम्पर्क भाषाका रूपमा रहेको थियो भन्ने कतिपय लेप्चा लेखक विद्वान्हरूको मत रहेको पाइन्छ।[३१] सन् ११८२६ मा तत्कालीन सिक्किमका शासकद्वारा लेप्चा भाषाका साहित्यिक ग्रन्थहरू, लिखित सामग्रीहरू जलाएर नष्ट गरिदिए जसको परिणाम यस जातिको भाषिक विस्तार र विकास हुन नसकेको उल्लेख पाइन्छ।[३२] यसरी लेप्चा भाषा नेपाली, बङ्गला आदिका तुलनामा थोरै मात्र

---

[२८] *आर के स्प्रिग, (२००५) सेडिङ सम लाइट अन दि हिस्ट्रि, ल्याङग्वेज एन्ड लिटरेचर अफ दि लेप्चास्, कालेबुङ, इन्डिजिनियस लेप्चा ट्राइबल एसोसिएसन, पृ ७३*

[२९] *भोलानाथ तिवारी (चौवनवौं सं २०१०) भाषा विज्ञान, पूर्ववत्, पृ १३९*

[३०] *ए आर फोनिङ (दो सं २००३) लेप्चा माइ भ्यानिसिङ ट्राइब, सैली ४ए, मानिकतोला, सैन रोड, कोलकता-७०० ०५४, पृ १९१*

[३१] *के पी तामसाङ (दो सं १९९८) दि अन्नोन एन्ड अन्टोल्ड रियालिटी एबाउट दि लेप्चास्, पूर्ववत, पृ २४*

[३२] *लेप्चा आदिवासी एक परिचय, (२००५) मूलवासी लेप्चा ट्राईबल संस्था, मणि प्रिन्टिङ प्रेस, कालेबुङ, पृ ५*

फैलिन सकेको पाइन्छ र यसो हुनाको विभिन्न कारणहरू पनि छन्। तीमध्ये केही प्रमुख कारणहरूलाई बुँदागत रूपमा यसरी देखाउन सकिन्छ –

- लेप्चाहरूलाई तत्कालीन शासकद्वारा राजनैतिक दबाउमा राख्नु।
- लेप्चा जाति अल्पसङ्ख्यक रूपमा हुनु।
- लेप्चाहरूद्वारा धर्मान्तरण गरिनु।
- अन्य भाषाको प्रभावमा आउनु।
- लेप्चाहरूको राजनैतिक, सामाजिक,आर्थिक पक्ष कमजोर हुनु।
- लेप्चा भाषाको लिखित रूपको विकासका निम्ति आवश्यक तत्परता र प्रोत्साहनको अभाव हुनु।
- भाषाको मानकीकरण र आधुनिकीकरणका साथै एकरूपताको प्रयासको कमी हुनु।
- लेप्चा भाषाको व्याकरणिक तथा भाषावैज्ञानिक तवरले अध्ययन अनुसन्धान यथोचित रूपमा हुनु नसक्नु ।
- यी सबै हुनाका कारण लेप्चाहरूमा राजनैतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक अनि आर्थिक स्थितिबारे सचेत रूपमा यथोचित कार्य हुन नसक्नुका साथै अङ्ग्रेज उपनिवेशको प्रभाव स्वरूप धर्मान्तरण प्रक्रियाले पनि भूमिका निर्वाह गरेको देखिनिछ।

उपर्युक्त कारणहरूले गर्दा लेप्चा भाषा र साहित्यको विकास तथा विस्तार अवरुद्ध हुनगयो। आज भोलि लेप्चा भाषामा सिक्किम र दार्जिलिङका विभिन्न क्षेत्रहरूबाट विभिन्न पत्र-पत्रिका र साहित्यिक रचना-कृतिहरू प्रकाशित भइरहेका पाइन्छन्। ती पत्र-पत्रिका र साहित्यिक रचना कृतिहरूकै माध्यमबाट लेप्चा भाषा र संस्कृतिबारे प्रचार-प्रसार भएको देखिन्छ। सिक्किम, खरसाङ रेडियोबाट पनि लेप्चा भाषामा समाचार वाचन तथा कार्यक्रमहरू प्रसारण गरिन्छन्। लेप्चा भाषाको आफ्नै स्वतन्त्र रोङ लिपि उपलब्ध रहेको छ। यस लेप्चा भाषाको लिपि अर्थात् रोङ लिपिको उत्पत्तिबारे विभिन्न मत पाइए तापनि रोङ लिपिको सृष्टिकर्ताका रूपमा थिकुङ मेनसलोङ नामक

व्यक्तिलाई नै श्रेय दिइएको पाइन्छ।[३३] लेप्चा भाषाका व्याकरण, शब्दकोश अनि पुराना लेप्चा धर्मग्रन्थहरूलाई आधार मानेर यस भाषामा शिक्षण-प्रशिक्षण कार्य भइरहेको देखिन्छ। लेप्चा भाषामा 'लाजोङ' एउटा प्रमुख ग्रन्थ हो। यसले भाषाका ध्वनि अर्थात् वर्णको सही रूपमा उच्चारण र वर्णसंयोजन गर्न सिकाउँछ। यस भाषामा नौवटा स्वर वर्णहरू छन् जसलाई 'छ्योमिङ आकुप' (chjomiŋ ɑkup) भनिन्छ र अठ्ठाईसवटा 'छ्योमिङ आमु' (chjomiŋ ɑmu) अर्थात् व्यञ्जन वर्णहरू रहेका छन्। लेप्चामा मात्रालाई थाम्ब्यिन ( थाम्बिन) भनिन्छ ती आठ किसिमका छन्। यस भाषामा नेपाली, हिन्दी जस्ता अन्य भाषामा उपलब्ध महाप्राण घोष ध्वनिहरू जस्तै घ, झ, ढ, ध, भ अनि ट, ठ, ड, ढ जस्ता मुर्धन्यध्वनिहरू उपलब्ध छैनन्। यसकारण लेप्चा भाषीहरूले नेपालीको घाँसलाई गाँस, भात-बात, घर-गर आदि उच्चारण गरेको पाइन्छ। यस्तै प्रकारले व्याकरणिक दृष्टिले लेप्चा भाषाका क्रियापदहरू लिङ्ग र वचनका आधारमा रूपायित हुँदैनन्। आज यस भाषा र साहित्यबारे अध्ययन अनुसन्धानमा देश-विदेशका विद्वान्हरू लागिपरेका छन् र यस भाषाको मानकीकरण र आधुनिकीकरणको प्रयास पनि भइरहेको पाइन्छ।

## निष्कर्ष

यस अध्यायमा नेपाली र लेप्चा जातिबारे  परिचयात्मक अध्ययन सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ। यसो गर्नाको उद्देश्य सामाजिक मूल्य-मान्यता, रीति-रिवाज, संस्कार- संस्कृति  अनि भाषा सम्बन्धी  केही उपलब्ध सामग्रीका आधारमा यी दुईवटा जातिमाझ सांस्कृतिक-भाषिक समानता वा भिन्नताका आधारहरू चिनाउने प्रयास हो। यद्यपि धेरजसो संस्कारमूलक क्रियाकलापहरूमा विविधता रहेको पाइन्छ। नेपाली र लेप्चा यी दुई जातिका सम्बन्धमा मानवशास्त्रीय, समाजशास्त्रीय लोकतात्त्विक दृष्टिले अध्ययन गर्ने प्रयास भएको छ। वर्षौंदेखि एउटै भौगोलिक क्षेत्रमा बसोवास गर्ने यी दुई जातिका सम्बन्धमा देखापरेका तथ्यहरूलाई निम्न बुँदाहरूमा समेट्न सकिन्छ। जस्तै-

- नेपाली जातिलाई एउटै आनुवंशिकमूलको जाति नभई विभिन्न उपजातिहरू मिलेर बनेको एउटा सिङ्गो सांस्कृतिक, भाषिक गोष्ठी विशेषका रूपमा चिनिन्छ।

---

[३३] *ए आर फोनिङ (दो सं २००३) लेप्चा माइ भ्यानिसिङ ट्राइब, पूर्ववत्, पृ १५४*

- नेपाली जातिलाई एउटा सिङ्गो जातिका रूपमा स्थापित गराउने दुईवटा प्रमुख कुराहरू देखिन्छन्- एउटा भाषा र अर्को रीतिथिति तथा संस्कृति।
- लेप्चा जाति एउटा सिङ्गो जाति भएकोले गर्दा यस जातिका वेषभुषा, सांस्कृतिक क्रियाकलापहरू तथा भाषागत प्रयोग प्रचलनमा एकरूपता रहेको देखिन्छ।
- नेपाली र लेप्चा एकै भू-भागमा रहिआएकाले र नेपालीहरू बहुसङ्ख्यक रूपमा रहेका हुनाले यिनीहरू माझ नेपाली भाषालाई नै साझा भाषा वा सम्पर्क भाषाका रूपमा प्रयोग गर्ने गर्दछन्।